# शरणार्थी पुनर्वास: मानवीय अमेरिकी अभिप्राय

**एलेन सरबेरी**

अक्टोवरको शुरुतिर मैले संयुक्त राज्य अमेरिका नेपालमा रहेका ६०,००० सम्म भुटानी शरणार्थीलाई आगामी तिनदेखि चारवर्ष भित्र पुनर्वास गराउन तयार छ भन्ने उद्घोष गरेपछि केहि चिन्ता प्रकट भएका छन् । म यहाँ यी विषयहरुलाई सम्बोधन गर्ने प्रयास गर्दैछु ।

पहिलो कुरा, यस विषयमा संयुक्त राज्य अमेरिकाको अभिप्राय मानवीय मात्र हो । भुटानी बालबालिकाहरुको एउटा पुस्ता यस्तो छ जसले शरणार्थी क्याम्पभन्दा बाहिरको जीवन भोगेको छैन र उ अहिले युवावस्थामा पुग्न लागिसकेको छ । यो एउटा दुख:दायी कुरा हो । मलाई विश्वास छ, नेपाली जनता र नेपाल सरकार यस विषयमा चिन्तित छन् ।

झण्डै दुई दशकदेखि नेपालमा भुटानी शरणार्थीलाई राखेर प्रदान गरेको उदारताकालागि नेपालको प्रशंसा गर्नै पर्दछ । शरणार्थीहरुको पालनपोषणका लागि दिइने सहायतामा संयुक्त राज्य अमेरिकाले एउटा ठूलै हिस्सा बेहोर्ने गरेको छ । तर शरणार्थीलाई जीवित राख्न मात्रै भन्दा अगाडि बढेर एउटा मानवीय र स्थायी समाधानको खोजी गर्नु जरुरी छ । यस विषयमा हाम्रो चिन्ता बाँड्ने र यस दुर्भाग्यपूर्ण समस्या समाधान गर्नका लागि नै अमेरिकी प्रस्ताव आएको हो ।

नेपाल र भुटान सरकारले भुटानी शरणार्थी समस्या समाधान गर्न गरेका सबै प्रयासहरुको संयुक्त राज्य अमेरिका समर्थन गर्दछ ।  हामीले निरन्तर रुपमा नेपाल र भुटान सरकारलाई सहकार्य गर्न, खासगरि भुटानलाई फिर्ता जानचाहने शरणार्थीलाई जाने अनुमति दिन उत्साहित गरेका छौं । संयुक्त राज्य अमेरिका, संयुक्त राष्ट्रसंघको शरणार्थी सम्बन्धी उच्चआयोग (UNHCR) तथा अन्य इच्छुक सरकारहरुसंग सहकार्य गर्दै यस शरणार्थी समस्याको समाधानका लागि गरिएको अन्तराष्ट्रिय पहलको एउटा प्रमुख हिस्सेदार पनि हो । नेपालले संयुक्त राष्ट्रसंघको शरणार्थी सम्बन्धी उच्चआयोगसंग मिलेर शरणार्थी गणनाको कामको हामी सराहना गर्दछौं । यो गणना यस समस्याको उपयुक्त समाधानको पहिचान गर्नका लागि महत्वपूर्ण छ ।

तेस्रो मुलुकमा पुनर्वासको विषयमा चिन्तित देशहरु, जस्तै संयुक्त राज्य अमेरिकाले यसको समाधानकालागि यो एउटा दिएको प्रस्ताव हो । हामी यो नै हरेक शरणार्थीकालागि समाधानको उपाय भन्ने ठान्दैनौं । यस कार्यक्रममा स्वेच्छाले संयुक्त राज्य अमेरिकामा पुनर्वासगर्न चाहने भुटानी शरणार्थीलाई मात्र पुनर्वासको  निम्ति विचार गरिनेछ । शरणार्थी समाधानका लागि गरिने व्यापक उपायहरु मध्ये अरुदेशहरुमा पुनर्वास र भुटान फर्कन पाउने अवसर अन्तर्गत हाम्रो यस प्रस्ताव परोस भन्ने हाम्रो चाहना हो भन्ने कुरा फेरि दोहोCयाउँछु । संयुक्त राज्य अमेरिका, भुटानको नागरिकको वैद्यानिक आधार भएका र आफ्नो देश फर्कन चाहनेहरुलाई अनुमति दिन भुटान सरकारलाई दोहोCयाएर आग्रह गर्दछ ।

यस कार्यमा यो बुझ्नु जरुरी छ कि यो प्रस्ताबित कार्यका लागि लाग्ने समय ३ देखि ४ वर्ष हो । यसको मतलब २००६ देखि २०१० सम्म, अझ तोक्नुपर्दा २०११ सम्म लाग्नेछ । यस कार्य रातारात सम्पन्न हुन सक्दैन ।

संयुक्त राज्य अमेरिकाले स्थायी बसोबासका लागि विश्वकै शरणार्थीहरुलाई पुनर्वासको प्रस्ताव धेरै पहिलेदेखि राख्दैआएको छ । संयुक्त राज्य अमेरिका शरणार्थी पुनर्वास गराउने अगुवा राष्ट्र हो, जसले २००५मा शरणार्थी सम्बन्धी उच्चायोगले सिफारिश गरेका मध्ये ६० प्रतिशत शरणार्थीलाई लिएको थियो । यो अरु पुनर्वास गराउने देशहरुले लिएको कुल संख्याभन्दा धेरै थियो । सन् १९७५ देखि यता संयुक्त राज्य अमेरिकाले २६ लाख भन्दा बढि शरणार्थीलाई स्थायी बसोबास दिएको छ । यस भन्दा अघिल्लो वर्ष मात्रै ६८ देशका ४०,००० भन्दा बढि शरणार्थीले संयुक्त राज्य अमेरिकामा नयाँ जीवन शुरु गरेका छन् ।

हरेक किसिमका पृष्ठभुमिबाट आएका शरणार्थीलाई सफलतापूवर्क समावेशीकरण गर्ने हाम्रो लामो सफल इतिहास छ । आवेदकहरुको चयनको आधार उनीहरुलाई पुनरवास गर्न कतिको आवश्यक छ त्यसमा निर्भर गर्नेछ । हामी उनीहरुको शैक्षिक योग्यता, कामका लागि चाहिने सिप अथवा अन्य कुनै आधारमा आवेदक चयन गर्ने गर्दैनौं ।

संयुक्त राज्य अमेरिकामा आगमनका साथै शरणार्थीहरुलाई शिक्षा, भाषा सम्बन्धी तालिम र कामका लागि चाहिने सिप आदिका सबै अवसरहरु दिने गरिन्छ जसले उनीहरुको जीवनको नयाँ शुरुवातका लागि मद्दत गरोस् । अमेरिका आउने प्रायजसो शरणार्थीहरु काम पाउने र परिवारलाई पाल्न सक्ने हुन्छन् । पाँच वर्ष पछि उनीहरु अमेरिकी नागरिकताका लागि आवेदन दिन लायक हुनेछन् र ठूलो परिणाममा शरणार्थीहरुले यो अवसरलाई अंगाल्ने गर्दछन् ।

मलाई लाग्छ हामी सबै यो कुरामा सहमत छौं कि भुटानी शरणार्थीहरुले शरणार्थी क्याम्पमा लामो समय बिताएका छन् र उनीहरुको जीवनमा नयाँ शुरुवातको आवश्यकता छ । यो उनीहरुको लागि दुखःदायी अवस्था हो र नेपालका लागि पनि वाञ्छनिय छैन ।

संयुक्त राज्य अमेरिका नेपाल र अन्तर्राष्ट्रिय समुदायसंग काम गर्दै यस अवस्थालाई बदल्न साँचै प्रगतिको आश गर्दछ र नेपालमा भएका भुटानी शरणार्थीलाई नयाँ आशा दिन चाहन्छ ।

*(एलेन सरबेरी जनसंख्या, शरणार्थी र स्थानान्तरण सम्बन्धी अमेरिकी सहायक विदेश मन्त्री हुनुहुन्छ ।)*